नेपाल सरकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

कार्यक्रम प्रस्ताव आह्वान

प्रथम पटक प्रकाशित मिति :२०८३/०७/१९ गते

यस प्रतिष्ठानद्वारा आ.व. २०८३/०८४ मा आदिवासी जनजातिहरूको उत्थान र विकास गर्ने उद्देश्यअनुरुप निम्नानुसारका क्षेत्रहरूमा कार्यक्रम संचालन गर्ने भएकोले सो कार्य गर्न इच्छुक आदिवासी जनजाति संघ/संस्थाबाट सफ्टवेयरमा माग गरिएको परियोजना प्रस्तावको ढाँचामा आफूले चाहेको कार्यक्रम शीर्षकमा रु.१,०००/- दर्ता शुल्क भुक्तानी गरी मिति २०८३/०८/०९ गते भित्र यस प्रतिष्ठानको www.nfdin.gov.np लगइन गरी तपसिल बमोजिमका परियोजनाका क्षेत्रहरूमा परियोजना प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

कार्यक्रम परियोजना सञ्चालन गरिने क्षेत्रहरू :

१. सुचीकृत लोपोन्मूख तथा अतिसिमान्तकृत आदिवासी जनजातिको कार्यालय व्यवस्थापन सहयोग कार्यक्रम।
२. लोपोन्मुख तथा अतिसिमान्तकृत समुदायहरूको उत्थान कार्यक्रम।
३. सामाजिक समावेशीकरण लैंगिक समानता, जलवायु परिवर्तन, जैविक विविधता, समसामयिक विषयमा शसक्तीकरण कार्यक्रम।
४. आदिवासी जनजातिका अमूर्त संस्कृतिहरूको संरक्षण तथा प्रवर्द्धन (वृत्तचित्र निर्माण कार्यक्रम)।
५. आदिवासी जनजाति समुदाय उत्थान साझेदारी कार्यक्रम।
६. आदिवासी जनजातिहरू सम्बन्धी उत्कृष्ट ग्रन्थ र कृतिहरूको प्रकाशन।
७. आदिवासी जनजातिहरूको विविध पक्षहरूको खोज, अध्ययन अनुसन्धान।
७. मातृभाषा शिक्षा प्रवर्द्धन/समन्वय तथा प्रशिक्षण कार्यक्रम।

प्रस्ताव पेश गर्नको लागि मापदण्डहरू :

१. प्रतिष्ठानको वेभसाईट nfdin.gov.np मा लगइन गरी क्याटगोरीमा रहेको प्रस्ताव अनलाइन फाराममा गई प्रस्ताव पेश गर्न जारी गरिएको ८ वटा क्षेत्रहरूमध्ये संस्था वा व्यक्तिले प्रस्ताव गर्न चाहेको शीर्षक छनौट गरेपश्चात् सोहिभित्र माग गरे अनुसारको विवरणहरू भरी, आवश्यक कागजपत्रहरू अपलोड गरी दर्ता शुल्कवापत eSewa, Fonepay, Mobile Banking मार्फत रकम भुक्तानी गर्नुपर्नेछ।
२. कार्यक्रम शीर्षक नं. १ र २ अन्तर्गत प्रस्ताव पेश गर्दा केन्द्रीय तहका सूचीकृत लोपोन्मुख तथा अतिसिमान्तकृत समुदाय संस्थाहरूबाट मात्र प्रस्ताव पेश गर्न पाइनेछ।
३. प्रस्ताव नं. ६ र ७ को सम्बन्धमा व्यक्ति वा संस्था दुवैले प्रस्ताव पेश गर्न सकिनेछ।
४. इलेक्ट्रोनिक प्रस्ताव पेश गरेको कागजपत्रहरू २०८३ मंसिर २० गतेभित्र हार्डकपि व्यक्ति, हुलाक वा कुरियरमार्फत प्रतिष्ठानमा पठाइसक्नुपर्नेछ।

थप जानकारीका लागि : Email: mail@nfdin.gov.np फोन नं. ०१-५१८३१६५, ५१८३१७४